वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक १७७ | २०८२ कात्तिक १९ गते बुधबार, नेपाल सम्वत् ११४५ November 05, 2025 | पृष्ठ ४ | मूल्य : रू. ५/-









## 'थानीमाईलाई फूलको डोली'

धार्मिका आस्था र विश्वासले भरिपूर्ण थानीमाई मन्दिरमा फूलको डोली लाने तथा रातभर जागाराम बसी बत्ति बाल्ने भक्तजनहरू बढ्दै जान थालेका छन् । तनहुँको भानु नगरपालिका-७ बसन्तपुरस्थित प्रसिद्ध थानीमाइ मन्दिरमा विशेष गरी कात्तिक, मंसिर, माघ महिनामा भक्तजनहरूले आफ्नो मनोकाङ्क्ष पुरा भएको भन्दै फूलको डोली लिएर जाने गर्छन भने कोही भक्तजनहरूले मनोकाङ्क्ष पुरा होस भन्दै रातभर जागाराम बसी बत्ति बाल्ने गर्दै आएका छन् ।

मन्दिर व्यवस्थापन समितिका अनुसार कात्तिकको तेस्रो मंगलबार हिजो ५८ फूलको डोली भित्रिएका छन् । समितिका अध्यक्ष जीवन थापाका अनुसार तनहुँबाट २४, लमजुङबाट ११, गोरखाबाट १०, चितवनबाट आठ, काठमाडौंबाट दुई र पोखराबाट तीन डोली भित्रिएका थिए । यस्तै, ७ हजार ५५७ जना भक्तजनले मन्दिरमा पूजाआजा गरेका थिए भने ५७१ जनाले सोमबार राती मन्दिर परिसरमा जागाराम बसेर बत्ती बाल्नेका थिए । कात्तिकको दोस्रो मंगलबार मन्दिरमा ८६ फूलको डोली भित्रिएका थिए । कात्तिकको पहिलो मंगलबार औंसी परेका कारण फूलको डोली भित्रिएका थिएनन् ।

भक्तजनहरु फूलको डोली र पञ्चैबाजा/भजनकृतनसहित थानीमाई मन्दिरको तीनपटक नाचगान गर्दै परिक्रमा गर्दछन् । परिक्रमापछि माथि थुम्कामा रहेको मन्दिर परिसरमा रहेका देवलहरूमा डोलीसँगै लगिएको तोरणलाई तीन फन्का घुमाएर बाँध्ने गरिन्छ । त्यसपछि मन्दिरभित्र प्रवेश गरी आफ्नो मनोकाङ्क्ष भाकल पूरा भएको भन्दै पूजा अर्चना गरिन्छ । बाजागाजा र ध्वजापताकासहित थानीमाईको जयजयकारले बसन्तपुर क्षेत्र गुञ्जिने गर्दछ ।

सोमबार सत्यनारायणको पूजा गरी फूलको डोली तयार गर्ने र थानीमाई मन्दिरमा फूलको डोली चढाउने परम्परा रहँदै आएको छ । मन्दिरमा साउन महिना, एकादशी र औंसी बाहेकका दिनमा पूजाअर्चना हुँदै आएको छ ।

## ओली, प्रचण्ड र माधवविहीन 'कम्युनिस्ट' पार्टीको होमवर्क

फणीन्द्र नेपाल/काठमाडौं

लामो समयदेखिको उकुसमुकुस, खटपट र संघर्षका बिच नेपालका वाम पार्टीहरु ध्रुवीकरण, पुनर्गठन र पुस्तान्तरणको तीव्र प्रयासमा जुटेका छन् । नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, नेसपा लगायतका ८ दलबिच पार्टी एकताको घोषणा हुनलाग्दा ती दलबाटै एकता प्रक्रियामा नगएकाहरु पनि अलग-अलग ढंगले पार्टी पुनर्गठनको गृहकार्यमा जुटेका हुन् ।

कुशासन तथा भ्रष्टाचारले मुलुक आक्रान्त बन्दै गएका बेला वाम ध्रुवीकरणपछि बन्ने पार्टीले लिने नीति, कार्यक्रम र कार्यदिशाका आधारमा उनीहरूलाई जनताले कति साथ दिने हुन्, त्यो भने समयले बताउला । बेरोजगारी, असमान अवसर तथा संस्थागत भ्रष्टाचारमा जोडिएका पुराना पार्टी र तिनका नेताहरूको गैरजिम्मेवार प्रवृत्तिसँग असहमत नेता र समूहहरूले त्योभन्दा भिन्न उद्देश्य र कार्यक्रमका साथ पार्टी पुनर्गठन गर्ने दाबी गर्दै आएका छन् ।

भदौ २३ र २४ को जेनजी विद्रोह हुनुमा समेत तिनै पुराना दल र नेताहरूको कार्यशैली, आचार र व्यवहार प्रमुख कारक बनेको निष्कर्ष निकालेका नेताहरूले पुनर्गठित 'वाम शक्ति'ले उनीहरूको समेत भावना समेट्ने भएकाले साथ पाइने विश्वास व्यक्त गरेका छन् ।

यो अभियान अन्तर्गत नेकपा माओवादी केन्द्रका नेता जनार्दन शर्माले मंगलबार नै 'प्रगतिशील अभियान' घोषणा गरेका छन् । माओवादी केन्द्र र एकीकृत समाजवादीसहितका दलहरूसँग एकता प्रक्रियामा असहमति जनाएका शर्माले मंगलबार दिउँसो पत्रकार सम्मेलन गर्दै प्रगतिशील अभियान घोषणा गरेका हुन् ।

प्रगतिशील अभियान घोषणा कार्यक्रममा सहभागी नेता राम कार्कीले अहिले चलिरहेको किनबेच र खरिदविक्रीको राजनीतिलाई समाप्त पार्दै प्रतिस्पर्धाको राजनीतिको परिकल्पना गरिएको बताए । 'नेपालमा अब तीन वटा फोर्स सँगसँगै जान्छ', कार्कीले भने, 'एउटा राणा-राजा फर्काउनुपर्छ भन्ने र यही यथास्थितिमा रैदलो गरेर खाइरहेका छन्, तर हाम्रो भनेको यसलाई बिस्तारै प्रतिस्थापन गर्ने।'

नयाँ पिँढीलाई हेरेर आफूहरु अगाडि बढ्न लागेको कार्कीको भनाइ छ । 'अबको राजनीतिक प्रतिस्पर्धा युवा पिँढीको हो । त्यसमा गरिब, महिला, उत्पीडित, दलितको आवाज गुञ्जाउने छन्', कार्कीको भनाइ छ ।

यता बुधबार दिउँसो माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनसमाजवादी पार्टी नेपाल, नेपाल समाजवादी पार्टी, नेकपा महासचिव चिरन पुनको समूह, नेकपा समाजवादी, ने.क.पा. माओवादी समाजवादी र ने.क.पा साम्यवादीबिच एकता घोषणा हुँदैछ । उनीहरूबिच एकता घोषणका लागि सहमति भइसकेको छ भने काठमाडौंको भृकुटीमण्डपमा एकता घोषणा सभाको आयोजना गरिसकेका छन् ।

बुधबार नै एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनाल र महासचिव घनश्याम भुसालले त्रिपुरेश्वरमा विशेष घोषणा कार्यक्रम राखेका छन् । शर्मा र भुसाल समूहले प्रकारान्तरमा नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपासँग समेत सहकार्य र पार्टी एकता गर्ने उनीहरूको भनाइ छ ।



'सहकार्य गर्ने कुरामा विप्लवजी, घनश्यामजीलगायत थुप्रैसँग हुन्छ', अभियानका नेता शर्माले भने, 'हामीले प्रगतिशील अभियान भनेका छौं । त्यहाँ सीमित र सानो घेरामा कैद गर्न चाहदैनौं। लोकतन्त्रमा आधारित विधि मूल्यलाई स्विकार्दै समावेशीताको पक्षमा लाग्ने सबैलाई सहभागी र सहयात्री बनाउँछौं ।'

शर्माले अभियानका क्रममा

बाँकी तेश्रो पेजमा

## देवघाटधाम गण्डकी परिक्रमा महोत्सव

भञ्ज्याङ समाचारदाता/देवघाट

देवघाटधाम गण्डकी परिक्रमा महोत्सव आयोजना गरिएको छ । पवित्र तीर्थस्थल देवघाट धामको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले मंगलबार बिहान देवघाटको वेणीमा विधिपूर्वक पूजा गरी महोत्सव सुरू गरिएको थियो ।

नेपाल सन्त समाजको आह्वानमा देवघाट क्षेत्र विकास समिति र देवघाट गाउँपालिकाको आयोजनामा सुरू भएको महोत्सवको हरिहर सन्यास आश्रमका पीठाधीश ज्ञानानन्द सरस्वती महाराज र महेश सन्यास आश्रमका पीठाधीश रमणानन्द गिरीजी महाराजले उद्घाटन गरेका थिए । बिहान ७:०० बजे वेणीबाट सुरू भएको परिक्रमा महोत्सव चितवनको बागेश्वरी हुँदै हरिहर मन्दिरको बाटो भएर गैंडाकोट पुग्नेछ । गैंडाकोटमा रहेका धार्मिकस्थल चक्रवर्ती तीर्थ मन्दिर हुँदै पुनः देवघाटमा आएर समापन हुनेछ ।

देवघाट क्षेत्र विकास समितिका कार्यकारी निर्देशन सदन बरालका अनुसार दिउँसो ३:०० बजेसम्ममा परिक्रमा सम्पन्न हुनेछ । २७.५ किलोमिटर लामो पैदल यात्रामा सन्त, महन्थ, भक्तजनलगायत तीन हजार हाराहारीको सहभागिता रहेको उनले जानकारी दिए ।

तनहुँतर्फ पशुपतिनाथ मन्दिर, गङ्गा मन्दिर, अघोर आश्रम, गलेश्वर आश्रम (सिद्धेश्वर मन्दिर), दुर्गा पाञ्चायन मन्दिर, चक्रवर्ती आश्रम (मणिमुकुन्देश्वर मन्दिर), महेश सन्यास आश्रम (विद्येश्वर मन्दिर), अभय सन्यास आश्रम (रामेश्वर मन्दिर), हरिहर सन्यास आश्रम (हरिहर मन्दिर), राम मन्दिर, लक्ष्मीनारयण मन्दिर, देवघाट पुलको मुख (गणेश मन्दिर, केदारेश्वर मन्दिर र बद्रीनाथ मन्दिर)को परिक्रमा गरिएको छ।



चितवनतर्फ देवघाट बसपार्कको संकल्पेश्वर हनुमान मन्दिर, छेदेन थर्वालिङ गुम्बा, विश्वशान्ति यज्ञशाला मन्दिर, राम मन्दिर, राधाकृष्ण मन्दिर, लक्ष्मीनारायण मन्दिर, सीताराम संस्कृत मावि, कन्या गुरूकुल,

बाँकी अन्तिम पेजमा

# सम्पादकीय ............

www.bhanjyangnews.com

## भानु जन्मस्थलको प्रवर्द्धन गरौं

साहित्यकारका लागि प्रेरणा र सिर्जनाको स्रोतका रूपमा रहेका स्थानहरु भ्रमणले नयाँ अनुभव र दृष्टिकोण दिन्छ। नेपालका साहित्यिक तीर्थस्थलहरूमध्ये भानु जन्मस्थल तनहुँको चुँदीरम्घामा रहेको संग्रहालय र शिखर कटेरी महत्त्वपूर्ण गन्तव्य स्थलहरु हुन् । नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको जन्मस्थल शिखर कटेरी र उनको जीवनसँग सम्बन्धित सामग्रीहरु संग्रहित भानु संग्रहालयलाई साहित्यकार र पर्यटकहरूको लागि आकर्षण केन्द्रको रूपमा विकास गर्न आवश्यक छ। भानु नगरपालिकामा रहेको चुँदी रम्घाको शिखर कटेरीमा भानुभक्तको जन्म भएको थियो। यो स्थानसम्म पुग्नका लागि मोटरमार्गको पहुँच भएकाले साहित्यकारहरूका लागि सहज यात्रा बन्न सक्छ । शिखर कटेरीमा पुगेपछि स्रष्टाहरूले प्राकृतिक सुन्दरता, सांस्कृतिक धरोहर र ऐतिहासिक महत्त्वलाई नजिकबाट अनुभव गर्न सक्नेछन् । शिखर कटेरीमा भानुभक्तले बिताएको बाल्यकालदेखि लिएर उनको साहित्यिक यात्रा सम्मको सम्पूर्ण कथावस्तुलाई संग्रहालयमा संकलन गरिएको छ। संग्रहालयमा राखिएका वस्तुहरूले भानुभक्तको साधारण जीवनशैली र सिर्जनात्मक व्यक्तित्वलाई प्रस्ट पार्छन्। त्यहाँ भानुभक्तले प्रयोग गरेका मसीदानी, कलम, खाट, सन्दुक, पूजा सामग्रीजस्ता ऐतिहासिक वस्तुहरु संग्रहित छन्। यी वस्तुहरूले भानुभक्तको जीवन र साहित्यिक योगदानलाई थप नजिकबाट बुझ्न अवसर दिन्छ। संग्रहालयमा भानुभक्तले लेखेका हस्तलिखित पाण्डुलिपिहरु, मसीदानी र कलमले लेखिएका कृति, गजल, कविता, रामायणको बालकाण्ड लगायतका कृतिहरु अवलोकन गर्न सकिन्छ । यस्ता सामग्रीहरु साहित्यकारहरूका लागि प्रेरणा बन्न सक्छन्। संग्रहालय प्रवेश गरेपछि भानुभक्तको सरल जीवनशैली र उनको महान् साहित्यिक योगदानको झल्को पाइन्छ।

शिखर कटेरी क्षेत्रमा देखिने प्राकृतिक सुन्दरता, हरियाली फाँट, घाँसका डाँडाहरु, र स्थानीय जनजीवन पनि साहित्यकारहरूको लेखनका लागि नयाँ विषयवस्तु प्रदान गर्छ। साहित्यकारहरूका लागि यो ठाउँले मौलिकता, नवीनता र सिर्जनशीलताको उद्गम स्थलका रूपमा काम गर्न सक्छ । साहित्यिक पर्यटनका हिसाबले शिखर कटेरीको विकासले तनहुँको पर्यटन उद्योगलाई समेत टेवा पुर्याउन सक्छ। पर्यटकहरूका लागि साहित्यिक यात्रा प्याकेजहरु तयार पार्न सकिन्छ । डुम्रेबाट शिखर कटेरीसम्मको यात्रा, संग्रहालय अवलोकन, स्थानीय बस्तीको अध्ययन, स्थानीय भोजनको अनुभव, सांस्कृतिक कार्यक्रमहरूको आयोजना आदिले साहित्यिक पर्यटनलाई प्रवर्द्धन गर्न सकिन्छ । साहित्यिक यात्राले साहित्यकारहरूको मनोभावना, सिर्जनात्मकता र रचनात्मक सोचमा सकारात्मक प्रभाव पार्दछ। शिखर कटेरीमा पुगेपछि साहित्यकारहरूले भानुभक्तको जीवन, घासीसँगको भेट, घासीले दिएको प्रेरणा, भानुभक्तको सामाजिक चेतना आदिबारे थप अध्ययन गर्न सक्छन्। यस्ता अध्ययनहरूले साहित्यकारहरूलाई आफ्ना लेखनहरूमा नवीनता र गहिराइ थप्न सहयोग पुर्याउँछ । त्यसैगरी, शिखर कटेरी क्षेत्रमा रहेका ऐतिहासिक तथा पुरातात्विक धरोहरहरूको संरक्षण र प्रबर्द्धनको आवश्यकतामाथि पनि विशेष ध्यान दिनु आवश्यक छ। शिखर कटेरीको प्राचीन वास्तुकला, ग्रामीण जीवनशैली, प्राकृतिक स्रोतसाधन आदिको संरक्षण गर्दा भविष्यका पुस्ताले पनि यी धरोहरहरूको महत्त्वलाई बुझ्न र अनुभव गर्न सक्नेछन्।

साहित्यकार, शोधकर्ता र पर्यटकहरूका लागि शिखर कटेरीमा साहित्यिक, ऐतिहासिक र सांस्कृतिक कार्यशालाहरूको आयोजना गरिनुपर्छ। यसले केवल साहित्यिक अध्ययन र अनुसन्धानलाई मात्र प्रवर्द्धन गर्दैन, स्थानीय पर्यटन व्यवसायलाई पनि आर्थिक रूपमा सशक्त बनाउन सक्छ । यसरी, भानु संग्रहालय र शिखर कटेरीको साहित्यिक महत्त्वलाई उजागर गर्दै साहित्यकारहरूको प्रेरणाको स्रोतका रूपमा स्थापित गर्न सकेमा नेपाली साहित्य र संस्कृतिको जगेर्ना गर्न सकिनेछ। साथै, यस क्षेत्रलाई साहित्यिक पर्यटनको केन्द्रका रूपमा विकास गर्न स्थानीय तह र पर्यटन मन्त्रालयले विशेष ध्यान दिनुपर्छ ।

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २१२१/०७३/७४ प्यान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६१/०७५/७६ इ.नं. १०१३/०७४/७५ प्यान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

# स्वच्छ ऊर्जा क्षेत्रको उपलब्धि र अबको बाटो

नेपालमा वैकल्पिक तथा नवीकरणीय ऊर्जाका स्रोत र प्रविधिहरूलाई प्रवर्द्धन गरी ग्रामीण क्षेत्रमा बसोबास गर्ने घरपरिवारको जीवनस्तरमा सुधार ल्याउने र परम्परागत ऊर्जामाथिको निर्भरतालाई कम गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अन्तर्गत २०५३ साल कात्तिक १८ गते वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको स्थापना भएको हो । वैकल्पिक ऊर्जा विकास समिति (गठन), आदेश २०५३ को सातौं संशोधनबाट केन्द्रको काम, कर्तव्य र अधिकारमा तीनवटा कार्य क्षेत्र थप भएका छन् । यसअन्तर्गत नेपाल सरकार, विदेशी सरकार वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त स्रोतसाधनका आधारमा तयार गरिने वैकल्पिक ऊर्जा तथा ऊर्जा दक्षता विकास कार्यक्रमहरु प्रदेश र स्थानीय तहसम्म प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, गराउने, नवीकरणीय ऊर्जासम्बन्धी जलवायु परिवर्तन तथा कार्बन उत्सर्जन न्यूनीकरण सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने तथा ऊर्जा दक्षतासम्बन्धी कार्यहरु गर्ने रहेका छन् ।

हाल ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गत रहेको यस केन्द्रले स्थापनाकालदेखि नै यस क्षेत्रमा सरकारको प्रमुख निकायका रूपमा नेपाल सरकार तथा विभिन्न विकास साझेदारहरूको सहयोग तथा प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र र गैरसरकारी संस्थासँगको सहकार्यमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दै स्वच्छ ऊर्जामा सर्वसाधारण जनताको पहुँच बढाउन र ऊर्जा दक्षताको अवलम्बन गर्न आर्थिक तथा प्राविधिक सहयोग परिचालन गर्दै आइरहेको छ ।

केन्द्रको स्थापनाकालदेखि आव २०८१/८२ को अन्त्यसम्मको भौतिक प्रगति विवरणलाई हेर्दा केन्द्रको सहयोगमा ४० हजार ६५५ किलोवाट लघु तथा साना जलविद्युत् आयोजना, ११ हजार १०४ सुधारिएको पानीघट्ट जडान, १० लाख ७८९ घरेलु सौर्य विद्युत् प्रणाली, चार हजार ५४० संस्थागत सौर्य विद्युत् प्रणाली, तीन हजार ४७५ किलोवाट पिक सौर्य मिनिग्रिड, सौर्य वायु मिनिग्रिड जडान, ३० हजार ९३९ किलोवाट पिक सौर्य रूफटप, दुई हजार ४६४ सौर्य ड्रायर तथा कुकर जडान, चार हजार २८० सौर्य खानेपानी तथा सिँचाइ पम्प, एक लाख ५६ हजार ५३१ फलामे सुधारिएको चुलो, ३३ वटा संस्थागत ग्यासिफायर, ८२ हजार ४८५ विद्युतीय चुलो, चार लाख ५६ हजार ७६६ घरायसी बायोग्यास, १४ लाख २३ हजार २४२ सुधारिएको माटोको चुलो, ३७८ संस्थागत, सहरी तथा व्यावसायिक बायोग्यास, १७६६ ऊर्जाको उत्पादनमूलक परिप्रयोग, तीन हजार ३०९ सौर्य सडक बत्ती र चार हजार ८६५ मठमन्दिर तथा होमस्टेमा सौर्य ऊर्जा जडान सम्पन्न भएका छन् ।

आव २०८१/८२ मा मात्र केन्द्रको सहयोगमा ४०२ किलोवाट लघु तथा साना जलविद्युत् आयोजना, चार हजार १४२ घरेलु सौर्य प्रणाली, ३७८ किलोवाट पिक सौर्य मिनीगिड आयोजना, १२ हजार ६८६ सौर्य रूफटप प्रणाली, १०७ मठमन्दिर तथा होमस्टेमा सौर्य ऊर्जा जडान, ५८९ सौर्य खानेपानी तथा सिँचाइ परियोजना, २०८ संस्थागत सौर्य विद्युत् प्रणाली, २३ हजार १०० विद्युतीय चुलो, २४ हजार ३२० फलामे सुधारिएको चुलो, चार हजार ३८६ घरायसी बायोग्यास प्लान्ट र नौ वटा ठूला क्षमताका बायोग्यास परियोजना सम्पन्न भएका छन् ।

यसैगरी नवीकरणीय ऊर्जा प्रविधिका प्रवर्द्धनमार्फत एक लाख २६ हजार ९१४ मेट्रिक टन कार्बन उत्सर्जन न्यूनीकरण गरी कार्बन व्यापारमार्फत छ लाख ६० हजार अमेरिकी डलर (करिब नौ करोड २४ लाख) आम्दानी भएको छ । स्वच्छ विकास संयन्त्र अन्तर्गत आठवटा आयोजनाबाट हालसम्म कुल ६६ लाख ८० हजार मेट्रिक टन कार्बन उत्सर्जन घटाई कार्बन व्यापार मार्फत करीब ३६.०११ मिलियन अमेरिकी डलर (करीब पाँच अर्ब चार करोड) आम्दानी भइसकेको छभने यी कार्बन परियोजनाको सञ्चालनबाट भविष्यमा थप आम्दानी हुने सुनिश्चित भएको छ । साथै, नवीकरणीय ऊर्जासम्बन्धी विभिन्न अध्ययन, अनुसन्धान तथा विकास, प्रदेश सरकार र स्थानीय तहको क्षमता अभिवृद्धिसम्बन्धी क्रियाकलापहरु लगायतका क्रियाकलापहरु समेत गत आर्थिक वर्षमा सम्पन्न भएका छन् ।

हरित जलवायु कोषको सहयोगमा तराईका २२ जिल्लाका १५० स्थानीय तहमा खाना पकाउने स्वच्छ ऊर्जासम्बन्धी कार्यक्रम कार्यान्वयन भइरहेको छ, यसअन्तर्गत पाँच वर्षभित्र पाँच लाख विद्युतीय चुलो, चार लाख ९० हजार सुधारिएको चुलो र १० हजार घरायसी बायोग्यास प्लान्ट जडान गर्ने लक्ष्य रहेको छ जसबाट १० लाख घरधुरी लाभान्वित हुने छन् ।

त्यसैगरी हरित जलवायु कोषसम्बन्धी क्षमता विकास र तयारी (रेडिनेस) कार्यक्रम कार्यान्वयनअन्तर्गत सम्बन्धित सरोकारवालाहरूलाई लक्षित गरी तयार गरिएको क्षमता अभिवृद्धिका क्रियाकलापहरु सम्पन्न गरिएको छ ।

केन्द्रले हालसम्म देशको समग्रमा करिब ३७ लाख घरधुरीमा स्वच्छ नवीकरणीय ऊर्जा प्रविधिको सेवा पुर्याएको छ । कुल विद्युत् पहुँचमा नवीकरणीय ऊर्जा प्रविधिको हिस्सा करिब ८.५ प्रतिशत रहेको छ । विद्युत् पहुँच विस्तार र खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको क्षेत्रमा केन्द्रले विशेष जोड दिँदै आएको छ । नवीकरणीय ऊर्जाको क्षेत्रमा ५०० भन्दा बढी कम्पनीहरु क्रियाशील रहेका छन् जसबाट प्रत्यक्ष र अप्रत्यक्ष रूपमा ४० हजारभन्दा बढी रोजगारी सिर्जना भएको छ ।

केन्द्रले नेपाल नवीकरणीय ऊर्जा कार्यक्रम, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम, दक्षिण एसियाली उपक्षेत्रीय आर्थिक सहयोग (अफग्रिड कम्पोनेन्ट) कार्यक्रम, ग्रामीण जीविकोपार्जनका लागि नवीकरणीय ऊर्जा कार्यक्रम, मिनिग्रिड ऊर्जा पहुँच कार्यक्रम, ग्रामीण तथा अर्धसहरी क्षेत्रका लागि सौर्य ऊर्जा प्रवर्द्धन कार्यक्रम, आर्थिक विकासका लागि सौर्य ऊर्जा प्रवर्द्धन कार्यक्रम, लघु जलविद्युत् कर्जा कोष, बायोग्यास कर्जा कोषजस्ता कार्यक्रमहरूमा विकास साझेदारहरूसँग सहकार्य गरी सबैलाई आधुनिक ऊर्जाको पहुँच, विकेन्द्रीकृत नवीकरणीय ऊर्जा प्रणाली तथा ऊर्जा दक्षता अवलम्बनमार्फत ऊर्जा प्रणालीलाई दिगो, भरपर्दो र उत्थानशील बनाउनाका साथै नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको विकास र विस्तारका लागि प्रदेश सरकार र स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गरी देशको समग्र ऊर्जा रूपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ ।




केन्द्रअन्तर्गत रहेको केन्द्रीय नवीकरणीय ऊर्जा कोषले केन्द्रको वित्तीय संयन्त्रका रूपमा मिश्रित वित्तको सिद्धान्तमा आधारित रही अनुदान, भायबिलिटी ग्याप फन्डिङ र कर्जा प्रवाह गर्दै आइरहेको छ । कोषअन्तर्गत रहेको दिगो ऊर्जा च्यालेञ्ज फन्डले नवीनतम वित्तीय संयन्त्रका रूपमा निजी क्षेत्रद्वारा विकास गरिने दिगो ऊर्जा परियोजनाहरूमा भायबिलिटी ग्याप फन्डिङ र प्राविधिक सहायता प्रदान गर्दै आएको छ । दिगो ऊर्जा च्यालेञ्ज फन्डअन्तर्गतका परियोजनाहरूमा बेलायत सरकारले नेपाल नवीकरणीय ऊर्जा कार्यक्रममार्फत सहयोग पुर्याउँदै आइरहेकामा पछिल्लो समयमा जर्मन विकास सहयोग र युरोपियन युनियनको सहयोगमा जिआइजेडद्वारा सञ्चालित नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम र केएफडब्लुको सहयोगमा सञ्चालित ग्रामीण तथा अर्धसहरी क्षेत्रका लागि सौर्य ऊर्जा प्रवर्द्धन कार्यक्रमले समेत सहयोग प्रदान गर्दै आएकाले यस क्षेत्रलाई थप विस्तार गर्न सघाउ पुगेको छ ।

नेपालमा वार्षिक सोलार रेडिएसन प्रतिवर्गमिटर एक हजार ६०० देखि दुई हजार किलोवाट घण्टा रहेको छ । देशको अधिकांश ऊर्जा खपत तापीय

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
प्रयत्न गर्दा लक्ष्य प्राप्त हुनेछ। मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ। मान-सम्मान पनि प्राप्त हुनेछ।

**वृष**
श्रमको उचित मूल्य पाइनेछ। मिहिनेत गर्दा समयमै काम बनाउन सकिनेछ। विभिन्न अवसर प्राप्त हुनेछ ।

**मिथुन**
हठ गर्ने बानीले केही दुःख पनि पाइएला। सहयोगीहरूको साथ-सहयोग जुट्नेछ। साथ दिनेहरु बढ्नेछन्।

**कर्कट**
अरूको विश्वास गर्दा धोका हुन सक्छ। केही सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ।

**सिंह**
निर्णय लिएर पनि काम नगर्ने बानीले पछि परिनेछ। परिस्थितिअनुसार चल्न नसक्ता दुःख पाइनेछ।

**कन्य**
अध्ययनशील प्रवृत्तिले फाइदा दिलाउनेछ। बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलामा निखारता आउनेछ।

**तुला**
लामो यात्राको प्रक्रिया अघि बढ्नेछ। नयाँ काम प्रारम्भ हुनेछ भने मनग्य आम्दानी बढ्नेछ।

**वृश्चिक**
अध्यात्मभाव जागृत हुनुका साथै परोपकारी काम सम्पादन हुनेछ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ।

**धनु**
कामका चुनौती पन्छाउन निकै मेहनत गर्नुपर्ला। तत्काल लक्ष्य प्राप्त नभए पनि दीर्घकालीन योजना बन्नेछ।

**मकर**
सानो कामले पनि राम्रो आम्दानी दिलाउनेछ। आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन्।

**कुम्भ**
सानातिना काममा अलमलिनाले मुख्य काम रोकिन सक्छ। काममा साथ दिनेहरु बढ्नेछन्।

**मीन**
नयाँ कामको प्रस्ताव आउनेछ। आयस्रोत बढ्नुका साथै दिगो काममा सम्झौता गर्ने समय छ।

# स्वच्छ ऊर्जा क्षेत्रको उपलब्धि ........

ऊर्जा (काठ दाउरा, कोइला, एलपिजी, आयातित इन्धन) मा आधारित छ, जसको प्रयोगले कार्बन उत्सर्जन वृद्धि भई वातावरणीय प्रदूषण निम्त्याइरहेको छ । नेपालको कूल ऊर्जा उपभोगमा ५० प्रतिशत हिस्सा तापीय ऊर्जा रहेको पाइन्छ । सौर्य तापीय ऊर्जा प्रणाली सूर्यबाट प्राप्त तापमा आधारित छ, जसको प्रयोग घरायसी, व्यावसायिक र औद्योगिक स्तरमा गर्न सकिन्छ र यसबाट विद्युत् एवं खनिज इन्धनमाथिको निर्भरतालाई कम गर्न सकिन्छ ।

सन् २०४५ सम्म खुद शून्य उत्सर्जनको लक्ष्य हासिल गर्न परम्परागत तथा खनिज इन्धनमा आधारित तापीय ऊर्जालाई नवीकरणीय ऊर्जाले प्रतिस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ । यसै तथ्यलाई मनन गर्दै यस केन्द्र र इसिमोडको संयुक्त पहलमा "सौर्य तापीय मार्गचित्र तथा कार्यान्वयन योजना, २०८२ तयार गरिएको छ। यस मार्गचित्रको मुख्य उद्देश्य घरायसी, व्यावसायिक तथा औद्योगिक प्रयोगजनको लागि सौर्य तापीय ऊर्जाको प्रयोगमा वृद्धि गर्नु रहेको छ । मार्गचित्रले सन् २०४५ सम्ममा घरायसी प्रयोगको लागि एक हजार ३५४ मेगावाट र औद्योगिक उपयोगको लागि २९ मेगावाट बराबरको थर्मल प्लान्ट स्थापना गर्ने लक्ष्य लिएको छ ।

हाल ९९ प्रतिशत विद्युतीकरण भएको परिप्रेक्ष्यमा पनि पूर्ण विद्युतीकरणका लागि लघु तथा साना जलविद्युत र सौर्य ऊर्जाको विस्तार गर्न, राष्ट्रिय प्रसारण लाइन पुगेका स्थानमा रहेका लघु तथा साना जलविद्युत्लाई राष्ट्रिय प्रसारण लाइनमा जोड्न, विपद्बाट क्षति भएका आयोजनाको पुनर्निर्माण र पुनर्स्थापना गर्न, ऊर्जा सम्मिश्रणका लागि सौर्य तथा वायु ऊर्जा लगायतका नवीकरणीय ऊर्जाको विकास र विस्तार गर्न तथा घरायसी र औद्योगिक क्षेत्रमा ऊर्जा दक्षताका कार्यक्रम विस्तार गर्न अति आवश्यक देखिन्छ ।

विद्युत् पहुँच पुग्न बाँकी भौगोलिक क्षेत्र तथा घरधुरीहरूमा विद्युत् पहुँच पुऱ्याउन मन्त्रालय, नेपाल विद्युत प्राधिकरण र केन्द्रले पूर्ण विद्युतीकरणका लागि एकीकृत कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको छ । यसअन्तर्गत विद्युत् पहुँच पुग्न बाँकी धरधुरीमा विद्युत् पहुँच पुऱ्याउन नेपाल विद्युत् प्राधिकरण र केन्द्रले क्षेत्रगत जिम्मेवारीसहित तयार गरिएको संयुक्त कार्ययोजनाबमोजिम कार्य अघि बढिरहेको छ । सम्बन्धित पालिका र नेपाल विद्युत् प्राधिकरणको विद्युत पहुँच तथ्याङ्कबीच सामाञ्जस्यता बनाउन विद्युत् पहुँच पुग्न बाँकी घरधुरीहरूको विवरण अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ । केन्द्रले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको एउटा विशिष्ट अङ्गका रूपमा सेवा पुऱ्याउने र विद्युतीय ऊर्जाको खपत वृद्धि गरी स्वच्छ ऊर्जा रूपान्तरणको क्षेत्रमा विशेष ध्यान पुऱ्याई आयातित खनिज ऊर्जाको विस्थापन गर्ने, वैदेशिक मुद्रा सञ्चित गर्ने कार्यमा सहयोगी भूमिका निर्वाह गरिरहेको छ ।

नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी क्रियाकलापहरु सरकारको प्राथमिकतामा पर्नु, आवधिक योजनाहरूमा कुल ऊर्जा सम्मिश्रणमा नवीकरणीय ऊर्जाको हिस्सा वृद्धि गर्ने लक्ष्य लिइनु, विश्वव्यापी जलवायु संकट न्यूनीकरणका लागि विकास साझेदारहरूले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको क्षेत्रमा गरिने सहयोगलाई निरन्तरता दिनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् । स्वदेशमा नै रोजगारी सृजना गर्ने, युवाहरूलाई विदेशिनबाट रोक्ने कार्यमा स्थानीय प्रविधि बायोग्यास, लघु तथा साना जलविद्युत् उद्यमी, सुधारिएको चुलो निर्माण गर्ने, सौर्य ऊर्जाका काम गर्ने विभिन्न तहका प्राविधिक, साना लगानीकर्ता संरक्षण र प्रवर्द्धनको लागि यस क्षेत्रमा नयाँ कार्यक्रमहरु तथा थप बजेटको व्यवस्था गर्नु आवश्यक देखिन्छ । त्यसैगरी नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई सङ्घीय संसदबाट स्वीकृत गरी ऐनको रूप दिने कार्य सम्पन्न गर्नुपर्ने आवश्यकता रहेको छ ।

त्यसैगरी विभिन्न विकास साझेदारको सहयोगमा सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारको प्रतिबद्धता अनुरूपको समपुरक कोष उपलब्ध हुनुपर्ने, पूर्ण विद्युतीकरण, खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको विस्तार, पुराना तथा विपद्बाट क्षति भएका लघु तथा साना जलविद्युत्, सौर्य मिनीग्रिडलगायतका आयोजनाको पुन:स्थापना र राष्ट्रिय प्रसारण लाइन पुगेका स्थानमा राष्ट्रिय प्रसारण लाइनमा जोड्न बजेट व्यवस्थापन गर्नुपर्ने जस्ता कार्यहरूलाई प्राथमिकताका साथ अगाडि बढाउनु आवश्यक रहेको छ । नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताको प्रवर्द्धनको माध्यमबाट केन्द्रलाई आगामी दिनमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता क्षेत्रको विशिष्ठता केन्द्रको रूपमा विकास गर्ने कार्यमा केन्द्रको प्रतिबद्धता रही आएको छ । रासस (लेखक वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक हुनुहुन्छ)

# ओली, प्रचण्ड र माधव ......

हतारमा पार्टी बनाएर केही समयपछि धारे हात लाउनतिर नलाग्ने दाबी गरे । शर्मा, भुसाल र चन्द वैकल्पिक वाम शक्ति निर्माणको प्रयासमा छन्। नेतात्रयले अहिले भइरहेका ठुला कम्युनिस्ट पार्टीका नेतृत्वकर्ता केपी शर्मा ओली, माधव नेपाल र प्रचण्डहरूले नै नेपालको वाम आन्दोलनलाई भ्रष्टीकरण गरेको भन्दै नेपालको वाम आन्दोलन पुनर्गठन र रूपान्तरण गर्न आवश्यक रहेको बताउने गरेका छन् । 'ओली, प्रचण्ड र नेपालविनाको वाम एकता आजको आवश्यकता हो', घनश्याम भुसाल निकट एकीकृत समाजवादीका पोलिटब्युरो सदस्य दामोदर अर्यालले भने, 'जनार्दनको विद्रोहपछि यसका सकारात्मक संकेतहरु देखिएका छन्।' उनले प्रचण्ड–माधवको एकतालाई 'अभियुक्त गठजोड'को संज्ञासमेत दिए।

त्यसो त ओली, प्रचण्ड र नेपालहरु करिब चार दशकदेखि निरन्तर पार्टी सत्ता र सरकारको नेतृत्वमा पुग्दै आएका छन् । तर, उनीहरूले न त कम्युनिस्ट पार्टीको विचार, सिद्धान्त र देश विकास गर्ने ठोस अवधारणा नै बनाउन सकेका छन्, न बढ्दो बेरोजगारीको समाधान, मूल्य नियन्त्रण र सुशासनको अभ्यासमै ध्यान पुऱ्याउन सकेका छन् । बरू त्यस विपरीत पुँजीवादको पक्षपोषण गर्दै धनी र गरिबबिचको खाडल फराकिलो बनाउन उद्यत छन् । फलस्वरूप आम नागरिकको चाहना, भावना र हित विपरीत पार्टीगत र व्यक्तिगत स्वार्थलाई केन्द्रविन्दुमा राखेपछि पछिल्ला दिनमा उनीहरूप्रतिको आकर्षणमा क्रमश: ह्रास आएको तिनका सहयात्रीहरूले नै वाम पुनर्गठनको प्रयास गरेबाटै पुष्टि गरेको छ ।

'ओली, प्रचण्ड, माधव लामो समय पार्टी सत्तामा बसे । किन बसेभन्दा आफ्ना दासहरूलाई केन्द्रीय सदस्य बनाएर बहुमत प्राप्त गर्ने र सरकारमा जानेबाहेक उनीहरूको अरू उद्देश्य देखिएन', नेता अर्यालले भने, 'यस प्रवृत्तिको विरूद्ध तीन वटै पार्टीमा विद्रोह गर्नुपर्ने आवश्यकता भयो ।'

**भुसाल, शर्मा र चन्दले कस्तो पार्टी बनाउँछन् ?**

अहिलेको आवश्यकता जनभावनाअनुसार चल्ने पार्टी र नेतृत्व हो । युवा, किसान, मजदुर, दलित, पिछडिएका तथा अवसरमा पछि परेकाहरुको समेत सहभागितामा बन्ने नयाँ पार्टीले पुराना पार्टी र तिनका नेताहरूले लिँदै आएको नीतिभन्दा अलग पहिचान बनाउन चुनौती भने अवश्य छ। पार्टी पुनर्गठनमा लागेका नेताहरूका अनुसार अब बन्ने पार्टी वा वाम शक्ति भ्रष्टाचार नगर्ने पार्टी बन्ने छ । पार्टीमा रहेको कुनै नेता वा कार्यकर्ताले गल्ती गर्ने वा दाग लाग्ने बित्तिकै उसको सदस्यता टुट्नेछ ।

'कुनै मुद्दा लाग्यो वा समाजमा बदनाम भयो अथवा ऊमाथि प्रश्न उठ्यो भने तत्काल त्यस्तो व्यक्ति आउट हुन्छ', नेता घनश्याम भुसालले तयार गर्दै गरेको प्रतिवद्धतापत्रमा समेटिएको छ । 'जस्तो मलाई कुनै एउटा महिलाले केही आरोप लगाइन् भने म आउट हुनुपऱ्यो र पछि सफाइ पायो भनेमात्र फर्कन पाउँछु । भ्रष्टाचारको आरोप लाग्यो भने तत्काल बाहिर बस्ने, पछि सफाइ पायो भने फर्कन मिल्ने हुन्छ', भ्रष्टाचार नगर्ने पार्टीका रूपमा पहिचान बनाउने मुख्य प्रयत्न हुने ती नेताको भनाइ छ ।

त्यस्तै मुलुकमा औद्योगिकीकरणको विकास र त्यही माध्यमबाट रोजगारी सिर्जना गर्ने उद्देश्य पुनर्गठित पार्टीको अर्को लक्ष्य र उद्देश्य हुनेछ । तेस्रो कुरा, पार्टीमा लागेका नेता र कार्यकताहरु आर्थिक पारदर्शिता अनिवार्य हुनेछ । 'यदि म पार्टीको पोलिटब्युरो सदस्य छु भने पार्टीमा देखाउनु पर्छ कि मैले चामल कहाँबाट खाँदैछु भन्ने कुरा', अर्का एक नेताले भने, 'शिक्षा र स्वास्थ्यको निजीकरणलाई दुरूत्साहन हुनुपर्छ । व्यवसायी र व्यापारीलाई पार्टीमा स्थान नै हुँदैन।'

त्यस्तै कृषिमा आधारित जनताको लगानीको सुनिश्चितता, निजी अस्पताल र निजी शिक्षाको साटो सार्वजनिक अस्पताल र विद्यालयको सेवा र गुणस्तर सहज र भरपर्दो बनाउने उद्देश्य नवगठित पार्टीले बोक्ने ध्रुवीकरणमा सहभागी नेताहरूको दाबी छ । रातोपाटीबाट



## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास नगरपालिका-२, दमौली तनहुँ

फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

**सम्बन्धित बिरामीले विशेषज्ञ चिकित्सकद्वारा उपचार सेवा लिनुहोस**

कात्तिक २२ गते शनिबार



**प्रोफेसर डा. जय बहादुर खत्री**
वरिष्ठ स्नायु, मानसिक, नशा तथा लागुऔषध रोग विशेषज्ञ
(Manipal Teaching Hospital, Pokhara)

**स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख रोगहरु र लक्षणहरुः**

**१. मानसिक स्वास्थ्य सम्बन्धी समस्याः**
- अत्यधिक तनाव, चिन्ता वा डर लाग्ने समस्या
- निद्रा नलाग्ने, बारम्बार झस्किने
- डिप्रेसन (अवसाद), एक्लोपन, निराशा
- अत्यधिक रिस उठ्ने वा आफैंलाई क्षति पुऱ्याउने सोच

**२. स्नायु (Neurology) सम्बन्धी समस्याः**
- झट्का लाग्ने (Epilepsy/Seizures)
- हातखुट्टा कमजोर वा चल्न नसक्ने
- मस्तिष्क पक्षघात (Stroke)
- स्मरण शक्ति गुम्ने, बोली गडबड हुने
- पार्किन्सन, टाउको दुखाइ, चक्कर आदि

**३. नशा र लागुऔषध दुर्व्यसन सम्बन्धी समस्याः**
- मदिरा, चुरोट, गाँजा, ब्राउन सुगर, ट्याब्लेट आदिको लत
- नशा नपाउँदा बेचैनी, कम्पन, पसीना आउने
- नशा छोड्न कठिनाइ, बारम्बार प्रयत्न असफल हुने
- पुन:स्थापना र मनो-सामाजिक परामर्श आवश्यक पर्ने अवस्था
- समयमै जाँच गरौं, स्वस्थ मानसिकता र जीवनशैली अपनाऔं।
- शरीरको मात्र होइन, मनको पनि उपचार आवश्यक छ।

**हाम्रा उपलब्ध सेवाहरु :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।


## राहदानी हराएको सूचना

मिति २०८१/०७/०५ गते तनहुँको व्यास नगरपालिका वडा नं. ९ तारूकाबाट दमौली तर्फ आउनेक्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालयमा वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध गर्दछु ।

**नाम** : अदित्या गुरूङ
**ठेगाना** : व्यास नगरपालिका–९, तारूका, तनहुँ
**राहदानी नं.** : १०३१२६३८

## शिक्षक आवश्यकता

आँवुखैरेनी गाउँपालिकाको च.नं. ४१३ मिति २०८२/०७/१८ को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा **प्राथमिक तह** तृतीय श्रेणीको रिक्त दरबन्दीमा एक जना सट्टा शिक्षक करारमा नियुक्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन।

**तपसिल**

**विज्ञापन नं.** : ००३/२०८२/०८३
१) **पद** : प्राथमिक तह तृतीय श्रेणी (सट्टा, करार)
२) **आवश्यक संख्या** : १ (एक) जना
३) **शैक्षिक योग्यता** : आइ.एड. वा सोसरह उत्तीर्ण
४) **दरखास्त शुल्क** : ५००/- (पाँच सय रूपैयाँ)
५) **तलब** : नेपाल सरकारले तोके बमोजिम
६) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
७) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अध्यापन अनुमती पत्रको प्रतिलिपि, निरोगिताको प्रमाणपत्र ।
८) **परीक्षाको किसिम** : लिखित, मौखिक र कक्षा अवलोकन
९) **दरखास्त दिने अन्तिम मिति** : २०८२/०८/०३ गते ४:०० बजेसम्म
१०) **सम्पर्क मिति** : २०८२/०८/०३ गते दिनको ४:०० देखि ५:०० बजेसम्म
११) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।
**पुनश्च** : माथिल्लो योग्यतालाई प्राथमिकता दिइने छ ।

प्रधानाध्यापक
**रामशाह माध्यमिक विद्यालय**
आँवुखैरेनी गाउँपालिका–३, तनहुँ । सम्पर्क : ०६५–५४००८४

**Bandipur Rural Municipality**
**Office of the Rural Municipal Executive**

## Bandipur Hospital

Bandipur:04, Tanahun
Gandaki Province, Nepal

**Invitation for Electronic Bids**

**First Date of Publication: 2082/07/19 (5th Nov, 2025)**

1. The Bandipur Rural Municipality, Office of Rural Municipal Executive, Bandipur Hospital, Bandipur:04, Tanahun, invites Open Competitive Bidding electronic bids from eligible bidders for the following Works under National Competitive Bidding Procedure:

| S. N. | Contract ID No. | Name of Project | Estimated Amount (Without VAT and Contingencies but Including PS) | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) | Last Date of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 1. | BRMBH/NCB/WORKS/01/2082/083 | Construction of Remaining work of Bandipur Hospital | *34,55,087.46/-* | 1,00,000.00/- (Validity: 120 days) | 3,000.00/- | 8th December 2025, 12:00 Hrs | 8th December 2025, 13:00 Hrs |

2. Bidder must submit tax clearance of F/Y: 2080/81.
3. Eligible Bidders may refer complete set of Bid Document for further information at office of **Bandipur Hospital**, Bandipur:04, Tanahun or PPMO'S website www.bolpatra.gov.np/egp/ and Bidders shall have the option of submitting their bids electronically only.

**Medical Superintendent**




**खेलकुद प्रतियोगिता** : तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारस्थित शुक्ला माध्यमिक विद्यालयका विद्यार्थीहरू अन्तर सदनात्मक भलिबल प्रतियोगितामा प्रतिस्पर्धा गर्दै । प्रतियोगिताबाट छनोट भएका खेलाडीहरूलाई विद्यालयले जिल्लास्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितामा सहभागि गराउने भएको छ । *तस्विर : भञ्ज्याङ*

# बहुउद्देश्यीय कभर्डहल निर्माणका लागि भानुमा सरोकारवालाहरूबीच छलफल

**भञ्ज्याङ समाचारदाता/भानु**

तनहुँको भानु नगरपालिका-९ काउरेटारस्थित खेलमैदानमा निर्माण हुने बहुउद्देश्यीय कभर्डहलको सम्बन्धमा मंगलबार सरोकारवालाहरूबीच छलफल गरिएको छ ।

संघीय सरकारले चालु आर्थिक वर्षका लागि उक्त कभर्डहल निर्माणका लागि ३ करोड रुपैयाँ विनियोजन गरेको छ । राष्ट्रिय खेलकुद परिषदमार्फत कार्यान्वयन हुने यस योजनाका लागि स्थानीय तहले विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरी पेस गर्नुपर्ने व्यवस्था छ । सोही प्रयोजनका लागि सरोकारवालाहरूको बैठक आयोजना गरी आवश्यक छलफल गरिएको नगरपालिकाका शिक्षा अधिकारी ध्रुवराज पौडेलले जानकारी गराए ।

भानु नगरपालिका-९ का वडाध्यक्ष मीनबहादुर गुरुङको अध्यक्षतामा बसेको उक्त बैठकमा नगरपालिकाका शिक्षा तथा खेलकुद शाखाका प्रमुख एवं उपसचिव ध्रुवराज पौडेल, नगर प्रवक्ता तथा वडा नं. ८ का वडाध्यक्ष इश्वरबहादुर घिमिरे, नगरस्तरीय खेलकुद विकास समितिका अध्यक्ष तथा वडा नं. ३ का वडाध्यक्ष तुलकुमार गुरुङ, वडा सदस्य कृष्णराज धमनिया र चिजकुमार श्रेष्ठ, शिक्षक महेन्द्र थापा, रिदय भट्ट, दिपक थापा लगायतले कभर्डहल निर्माणका विषयमा आफ्ना सुझावहरू दिएका थिए। बैठकमा शिक्षा अधिकारी पौडेलले केन्द्रको परिपत्र, डीपीआर निर्माण प्रक्रिया र कभर्डहल निर्माणका आवश्यक तयारीका विषयमा सहजीकरण गरेका थिए।



बैठकले काउरेटार कभर्डहल निर्माणका लागि डीपीआर निर्माण कार्य तत्काल अघि बढाउने निर्णय गरेको छ । साथै, कभर्डहललाई बहुउद्देश्यीय स्वरूपमा निर्माण गरी फुटबलबाहेकका भलिबल, बास्केटबल, ब्याडमिन्टन, फुटसल, तेक्वान्दो, उशु, कराँते, बक्सिङ जस्ता इन्डोर खेलहरु प्रशिक्षण तथा प्रतियोगिता सञ्चालन गर्न सक्ने एरिया र दर्शकका लागि प्याराफिटसहितको आधुनिक संरचना बनाउन सिफारिस गरिएको छ।

त्यसैगरी कभर्डहलसँगै ट्र्याकसहितको फुटबल मैदान, प्याराफिट, कार्यक्रम सञ्चालनका लागि मञ्च, खानेपानी, शौचालय, कम्पाउन्डिङ र खेलमैदानसम्म पुग्ने पहुँचमार्ग निर्माणका लागि पञ्चवर्षीय योजना स्वीकृतिका लागि प्रस्ताव गर्ने निर्णय पनि बैठकले गरेको छ। यी सबै संरचनाको अनुमानित लागत करिब १५ देखि २० करोड रुपैयाँसम्म हुने बताइएको छ ।

हाल काउरेटार खेलमैदान जिल्ला खेलकुद विकास समितिको नाममा दर्ता छ भने स्थानीय सर्वदलीय समितिबाट खेलमैदान प्रयोजनका लागि भोगाधिकार दिइएको अन्य सार्वजनिक जग्गासहित करिब ४० रोपनी क्षेत्रफल रहेको बताइएको छ ।

यी संरचनाहरु निर्माण सम्पन्न भएपछि भानु नगरपालिकामा व्यवस्थित खेलस्थलको स्थापना हुने र यसले नगर, जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरका खेलकुद प्रतियोगिता आयोजना गर्न सक्ने वातावरण तयार हुने नगर शिक्षा अधिकारी पौडेलले बताए ।


## स्वदेशी वस्तुको प्रयोग गरौं ।

**सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, २०८१ मा-**

- सार्वजनिक निकायले कुनै वस्तु वा सेवा खरिद गर्दा स्वदेशी वस्तु तथा सेवा खरिद गर्नुपर्ने,
- त्यस्तो वस्तु वा सेवा उत्पादन गर्ने उत्पादकले थोक तथा बिक्री मूल्य प्रकाशन गर्नुपर्ने,
- सार्वजनिक निकायमा कार्यरत कर्मचारी तथा पदाधिकारीले उपलब्ध भएसम्म स्वदेशी उद्योगबाट निर्मित पोसाक प्रयोग गर्नुपर्ने,
- सार्वजनिक निकायबाट आयोजना हुने कार्यक्रम, गोष्ठी र सेमिनारमा स्वदेशी वस्तुको प्रयोग गर्ने, व्यवस्था छ ।

**स्वदेशी वस्तुको प्रयोगबाट स्वदेशी उद्योगको संरक्षण हुन्छ**
**उक्त व्यवस्थाको पालना गरौं र गराऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


facebook twitter



**Baburam Bhattarai**
x.com/brb1954

यति युगान्तकारी र वलिदानीपूर्ण आन्दोलन पछि अब जेन-जी लगायतका युवा पुस्ताले निर्वाचन मार्फत देशको नेतृत्व लिएर अघि बढ्ने मार्ग अनुसरण गर्नु उपयुक्त हुन्छ। त्यसनिम्ति मतदाता सूचीमा वेलैमा नाम दर्ता गर्ने काम पहिलो कदम हो। तसर्थ देश-विदेशमा रहनु भएका सबैले नियम अनुसार समयमै नाम दर्ता गर्न सबैलाई हार्दिक आग्रह गर्दछु। नत्र नेपाली राजनीतिमा उही पुरानै चक्र दोहोरिने र युवाहरूले पछुताउनुपर्ने स्थिति आउन सक्छ।

यसको साथै सरकारले र निर्वाचन आयोगले उपयुक्त र सम्भव बाटो अबलम्बन गरेर नागरिकता प्राप्त गर्ने र भोट हाल्ने उमेर एउटै अर्थात् १६ बर्ष गर्नु राम्रो र सहज हुनेछ। त्यस अतिरिक्त निर्वाचनमा उम्मेदवार बन्ने उमेर हद २५ बर्षबाट घटाएर १८ बर्ष वा कमसेकम २१ बर्ष गर्नु आवश्यक छ। नत्र पछिल्लो आन्दोलनका अगुवा जेन-जी युवाहरूलाई आसन्न निर्वाचन 'जसको विहा उसैलाई नजिक नल्या' भन्ने लोकोक्ति जस्तो हुनेछ।

# विद्यार्थी गुणस्तर व्यवस्थापन सर्कल सम्बन्धी अभिमुखीकरण

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको दमौलीस्थित आदिकवि भानुभक्त क्याम्पसको शैक्षिक गुणस्तर विकासका लागि विद्यार्थी गुणस्तर व्यवस्थापन सर्कल सम्बन्धी विद्यार्थी अभिमुखीकरण कार्यक्रम गरिएको छ ।

क्याम्पसमा आयोजित उक्त कार्यक्रममार्फत क्याम्पसले शैक्षिक क्रियाकलापलाई व्यवस्थित, सहज र प्रभावकारी बनाउन, विद्यार्थीको क्षमता विकास गर्न तथा अध्ययनप्रति उत्प्रेरणा जगाउनका लागि हरेक कक्षामा एसक्युएमसी गठन गर्ने निर्णय कार्यान्वयनमा ल्याएको छ।

स्नातक तहका वार्षिक र सेमेस्टर प्रणाली अन्तर्गतका प्रत्येक कक्षामा एक संयोजक, एक छात्रा र एक सदस्य गरी तीन सदस्यीय सर्कल गठन गरिएको क्याम्पसको एसक्युएमसी निर्देशिकामा उल्लेख गरिएको छ। साथै क्याम्पसस्तरमा एक संयोजक र एक सहसंयोजक रहने व्यवस्था गरिएको क्याम्पस प्रमुख महाप्रसाद हड्खालेले जानकारी गराए ।



सहायक क्याम्पस प्रमुख विश्वेश्वर तिमल्सेनाको अध्यक्षतामा आयोजित कार्यक्रममा सहायक क्याम्पस प्रमुख डा. रामकुमार अधिकारी र बिमल गिरी, व्यवस्थापन विभाग प्रमुख जनक काफ्ले, पब्लिक क्याम्पस प्राध्यापक संघ नेपाल आदिकवि भानुभक्त क्याम्पस इकाइका अध्यक्ष राजन घिमिरे, स्वतन्त्र विद्यार्थी युनियनका अध्यक्ष अनुप आले, सदस्यहरु तथा विभिन्न कक्षागत संयोजक र सदस्यहरुको सहभागिता रहेको थियो ।

सोही अवसरमा बसेको भेलाले वि.बी.एस प्रथम वर्षका विद्यार्थी रामभक्त रानाभाटलाई क्याम्पसको एसक्युएमसी संयोजक र बी.एड दोस्रो वर्ष (गणित समूह) की विद्यार्थी नम्रता श्रेष्ठलाई सह-संयोजकमा चयन गरिएको छ ।

# देवघाटधाम गण्डकी ......

धर्मदर्शन आश्रम, योगी नरहरिनाथ गौशाला बागेश्वरी मन्दिर, आँपटारी दियालो बङ्गाल चोक, गौरेश्वर शिव मन्दिर पोखरा बसपार्क, राजयोग सेवा केन्द्र नारायणगढ, हरिहर मन्दिर नारायणगढ, श्रीराम मन्दिर पुल्चोकको परिक्रमा गरी बिहान ११:१५ बजे गैँडाकोटतर्फ लागेको छ ।

नवलपुरतर्फ गैँडाकोट पुल्चोकको गोपेश्वर महादेव मन्दिर, मौलाकालिका भगवती मन्दिर, वेदविद्याश्रम, शुकदेव भागवताश्रम, श्रीनिम्बाकाचार्य दर्शन केन्द्र, श्रीलक्ष्मीनृसिंह दिव्यधाम मन्दिर, बेसक्याम्प, केलादी क्षेत्र र हर्दी हुँदै पुनः तनहुँको देवपुरको साढेबगर बौद्ध गुम्बा, भूबराह मन्दिर हुँदै मणिमुकुन्देश्वर चक्रवर्ती आश्रममा आई समापन हुने कार्यक्रम रहेको क्षेत्र विकास समितिका सदस्य चन्द्रमित्र पण्डितले जानकारी दिए।

यो पाँचौं संस्करण हो । हरेक वर्षको बैकुण्ठ चतुर्दशीमा यो महोत्सव आयोजना गरिन्छ । पवित्र तीर्थस्थल देवघाटधाम र गण्डकीको संगमस्थल तीर्थस्थल देवघाटधामको धार्मिक महत्व र संस्कृतिको प्रचारप्रसार गर्ने उद्देश्यसहित गण्डकी परिक्रमा महोत्सव आयोजना गरिएको पण्डितले बताए ।

महोत्सवको प्रचारप्रसारका लागि सोमबार तनहुँको देवघाट र चितवनको भरतपुरमा मोटरसाइकल र्‍यालीसमेत गरिएको थियो । देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले देवघाटधाम गण्डकी परिक्रमा महोत्सवले देवघाटको धार्मिक पर्यटनको प्रवर्द्धन हुने विश्वास व्यक्त गरे ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४